**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा–फटयाङ्ग्राको प्रकोप बढ्छ। अहिले देशका ७३ जिल्लामा डेङ्गु फैलिएको छ। हैजा फैलँदै छ।
- घर–आँगन, नगर सफा राखौं। सफा रहँदा कीरा–फटयाङ्ग्रा हुर्कन पाउँदैन। सफा ठाउँमा रोग फैलँदैन।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ११ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 27 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०

## जन्माष्टमी धूमधामले मनाइयो, सर्लाहीमा सुरक्षा व्यवस्था कडा

प्रस, वीरगंज, १० भदौ/

श्रीकृष्ण जन्माष्टमी वीरगंजमा विविध कार्यक्रम गरी मनाइएको छ।



जन्माष्टमीको दिन सोमवार विश्व हिन्दू परिषद् र राधेकुञ्ज आदर्शनगरले शोभायात्रा निकालेका थिए।

विश्व हिन्दू परिषद्को आयोजनामा बाजागाजा र श्रीकृष्ण र राधाका झाँकी प्रस्तुत गरिएको थियो भने राधेकुञ्जले कीर्तनसहितको शोभायात्रा निकालेको थियो।

यसैगरी, वीरगंज महानगर–४ मा बर्सेनि आजकै दिन मात्र खुल्ने श्रीकृष्ण मन्दिरमा भक्तजनहरूको पूजा गर्न भीड लागेको थियो। त्यस्तै, गीता मन्दिर, राधेमाई मन्दिर, आदर्शनगरको राधेकुञ्ज आदर्शनगर, भिस्वाको श्रीकृष्ण प्रणामी मन्दिरलगायतका देवालयहरूमा भक्तजनहरूले श्रीकृष्ण भगवान्को पूजाआजा गरी भजनकीर्तन गरेका थिए। कतिपय स्थानमा आजको छ दिनमा छठिहार गरी भण्डारा पनि गरिन्छ।

यस वर्षदेखि गहवामाई मन्दिर व्यवस्थापन समितिले जन्माष्टमीमा झुलन मेला शुरू गरेको छ। वीरगंजमा दुई/तीन दशक अघि झुलनको ठूलो क्रेज थियो। बिर्तामन्दिरदेखि श्रीपुर–मुर्ली चोकसम्मका क्षेत्रमा रहेका देवालयहरूमा झुलन मेला एक सातासम्म लाग्ने गर्थ्यो। केही वर्षदेखि झुलन मेला लाग्न बन्द भएको थियो तर यसपालि माईस्थानस्थित गहवामाई मन्दिर सञ्चालक समितिले झुलन शुरू गरेको समितिका अध्यक्ष नरेन्द्र साहले बताए।

### जन्माष्टमी मेला सम्पन्न, कंसवध ३० गते

*प्रस, पर्सागढी/*

पर्सागढी नगरपालिका–३ बडनिहारमा सोमवार जन्माष्टमीको अवसरमा परम्परागत मेला सम्पन्न भएको छ।

वडा कार्यालयको सहयोगमा बडनिहार बजारमा बर्सेनि जन्माष्टमीको अवसरमा मेला लाग्दै आएको छ। मेलाको अवसरमा आज कुश्ती प्रतियोगिता भएको थियो। कुश्ती प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख गोकर्ण पाठकले धर्म–संस्कृतिको जगेर्ना गर्नुपर्ने र यसमा नगरपालिकाको सहयोग हुने बताए। कार्यक्रममा वडाध्यक्ष सुकमान तामाङ, वडासदस्य रामजीवन खाँलगायतको सहभागिता थियो। जन्माष्टमीको दिन आज मेलामा मनोरञ्जनका लागि खेलतमासाको पनि व्यवस्था गरिएको थियो। आजको २० दिनपछि अर्थात् भदौ ३० गते नपाको वडा नं ४ मा कंशवध मेला लाग्छ। एक दिने सो मेला पनि परम्परागतरूपमा भव्य हुने गरेको छ।

### शान्ति सुरक्षाको लागि ज्ञापन

*नितेश कर्ण, वीरगंज/*

श्रीकृष्ण जन्माष्टमी पर्वलाई लक्षित गरी सर्लाही जिल्लामा प्रहरीले सुरक्षा सतर्कता बढाएको छ।

सदरमुकाम मलङ्गवासहित विवाद हुन सक्ने आकलन गरिएका ठाउँहरूमा व्यापक मात्रामा जनपद र सशस्त्र प्रहरी परिचालन गरिएको छ। विगत केही वर्षदेखि विवाद तथा झडपका घटना भएका ठाउँमा प्रहरीले उच्च सतर्कता




बढाएको छ। जिल्लाका सुरक्षा निकायले पर्व मनाउने क्रममा सामाजिक सद्भाव कायम राख्न अपील गरेको छ।



सर्लाहीमा शान्ति सुरक्षाको लागि ज्ञापन बुझाउँदै।

यसैबीच, धार्मिक पर्वहरूमा अश्लील नाच प्रतिबन्ध गर्न हिन्दू सम्राट नेपाल, सर्लाहीले माग गरेको छ। जिल्लामा संस्कृतिको नाममा अश्लील गीतहरूमा नारी नचाउने चलन बन्द गर्न र नारी नाच भएमा कडाभन्दा कडा कारबाही गर्न प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी समक्ष ज्ञापनपत्र बुझाइएको छ।

नाचगानको नाममा अश्लील कार्यक्रम गर्दा समाजमा नकारात्मक असर पर्ने गरेको भन्दै यस्ता कार्यक्रम नगराउन माग गरिएको हो। जिल्लाका केही स्थानमा धार्मिक पर्व मेलाको नाममा छाडा नाच नचाउने काम भएको र त्यसका आयोजकलाई कारबाही गर्न हिन्दू सम्राट नेपालले माग गरेको उपाध्यक्ष कृष्ण यादव सनातनीले बताए। सर्लाहीमा जन्माष्टमीको मेलामा नृत्य कलाकार प्रीति पासवान, निरुता साह र हास्य कलाकार मणि मिराजको एक साता लामो कार्यक्रम निर्धारित गरिएको थियो। हिन्दू सम्राट नेपालको विरोधपछि सो कार्यक्रम स्थगित भएको छ। विदेशमा रहँदा नृत्य कलाकार पासवान र साहले हिन्दू धर्ममाथि आघात पार्ने अभिव्यक्ति दिएका हुनाले सर्लाहीमा उनीहरूको कार्यक्रम स्थगित गरिएको हिन्दू सम्राट नेपाल जनाएको छ।

## उपचार खर्च तिर्न नसकेर दीपलाल अस्पतालमा बन्धक

राधेश्याम पटेल, परवानीपुर, १० भदौ/

अस्पतालको उपचार शुल्क तिर्न नसकेर एक युवक घर जान पाएका छैनन्।



वीरगंज–१४ स्थित गण्डक हस्पिटल प्रालिको उपचार शुल्क र औषधिबापतको करीब रु दुई लाख तिर्न नसकेर वीरगंज–३१ लक्ष्मीपुरका २० वर्षीय युवक दीपलाल महतो नुनिया १० दिनदेखि घर जान पाएका छैनन्।

घरमा चरा मार्न राखिएको विष खाएर गत साउन २२ गते घरमा सिकिस्त भएपछि उनलाई एम्बुलेन्सबाट उपचारको लागि वीरगंज ल्याइएको थियो। एम्बुलेन्स चालकले गण्डक अस्पतालमा पुऱ्याएपछि उनको उपचार त्यहाँ शुरू भयो।

करीब नौ दिनको उपचारपछि उनलाई गत साउन ३१ गते होश आएको थियो। तर होश आएर निको भई चिकित्सकले डिस्चार्ज गर्दा उपचारबापतको रकम तिर्न नसकेर घर जान नसकेको दीपलालका बुबा सत्यनारायण महतो नुनियाले बताए।

उनले उपचारमा अस्पताल र औषधिपसलको गरी करीब रु दुई लाख ५४ हजार खर्च भएको र आफूहरू गरीब भएकोले सो खर्च तिर्न नसकेको बताए। रु दुई लाख ५४ हजारमध्ये हालसम्म ७५ हजार शुल्क आफन्तजन र चन्दा उठाएर अस्पताल र फार्मेसीलाई दिएको र बाँकीको व्यवस्थापन हुन नसकेको उनले बताए।

अहिले पनि अस्पताल र फार्मेसीलाई करीब पौने दुई लाख दिन बाँकी छ। ऐलानी जग्गामा बसोबास गर्ने नुनिया परिवार गाउँघरमा अर्काको खेतमा दैनिक ज्यालादारी गरी पेट पाल्छन्। उनले आफ्नो आर्थिक अवस्था राम्रो नभएको तर अस्पतालले बिल भरपाई नगरी बिदा नदिएकोले समस्यामा परेको बताए।

अस्पताल प्रशासन प्रमुख अकरम हुसेनले आफूहरू बिरामीमैत्री भएको तर उपचारमा उठेको बिलमा छुट मात्र दिन सक्ने मिनाहा गर्न नसकिने बताए। उनले बिल भुक्तानी नगरिएको कारण बिरामी नरोकिएको र अहिले उपचारमा रहेको बताए।

## सवारी दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, रौतहट, १० भदौ/

चन्द्रपुर नगरपालिकामा सोमवार भएको सवारी दुर्घटनामा दुईजनाको घटनास्थलमैं मृत्यु भएको छ।

टाटा सुमो र मोटरसाइकल एकापसमा ठोकिंदा मोटरसाइकलमा सवार सुनसरी जिल्ला धरान उपमहानगर–१५ बस्ने तुलसी ओझा र मोरङ जिल्ला सुन्दरहरैचा नपा–११ बस्ने विवश बाँस्कोटाको घटनास्थलमैं मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक राजकुमार राईले बताए।

## मीठा बरामदले खुलेको रहस्य

प्रमोद यादव, पंचगावाँ, १० भदौ/

जीराभावनी गाउँपालिका–१ बलुवाबाट सोमवार बिहान प्रहरीले १२० बोरा मीठा (सखर) बरामद गरेको छ।




सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा, इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, सेढवा र प्रहरी चौकी महादेवपट्टिको टोलीले स्थानीय रशिक अन्सारीको घरमा भण्डार गरिएको १२० बोरा मीठा बरामद गरेको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए।

उनले भन्सार छली गरेर भारतीय सीमावर्ती भङ्गाहाबाट मीठा अन्सारीको घरमा ल्याएर भण्डार गरिएको सूचनाका आधारमा बरामद भएको बताए। उनले सैफुल्लाह शेखको घरबाट ३१ बोरा युरिया मल पनि बरामद भएको बताए। बरामद मीठा र सखर आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालय पठाएको जानकारी गराए। प्रवक्ता भारतीले मीठा र मल सीमावर्ती क्षेत्र भङ्गाहाबाट भन्सार छली भित्र्याउने र नेपाली बजारमा बिक्री हुने गरेको बताए।

भङ्गाहा र बलुवा सय मिटरको दूरीमा छ। यो दूरीमैं नेपालतर्फ दुईवटा खाँडसारी (मीठा बनाउने) उद्योग रहेको र भारतबाट चोरबाटो मीठा ल्याएर खाँडसारीको नाममा बिल तयार गरी बिक्री गर्ने गरिएको बताए। अहिले उखुको सिजन पनि छैन र खाँडसारी सञ्चालनमा पनि छैन। पहिलेदेखि सञ्चय गरिएको आधार प्रमाण पनि नरहेको उनले बताए। मीठामा प्याक गरिएको प्लास्टिक, बोराको खरीद बिल पनि नभएकोले सो मीठा विशुद्ध भारतबाट ल्याएको उनले बताए। प्रहरीले प्रारम्भिक अनुसन्धानमा भारतबाट मीठा ल्याएर नेपाली बिल बनाइ बिक्री गरिने गरेको पाइएको प्रवक्ता भारतीले बताए।

स्थानीयका अनुसार भारतबाट मीठा ल्याएर खाँडसारी उद्योगको नाममा बिक्री गर्दै आएकोले प्रहरीमा सूचना चुहिएको हो। भारतबाट मीठा ल्याएर वीरगंज, जीतपुर आसपासका चकलेट उद्योगहरू र स्थानीय मदिरा उत्पादक भट्टिहरूमा बिक्री हुने गरेको थियो। प्रहरी कारबाहीपछि अन्सारी र शेख सम्पर्कविहीन छन्। उनीहरूले तत्काल सो सामानको जिम्मेवारी लिएका छैनन् भने उनीहरूको तर्फबाट घरपरिवारले पनि सोबारेमा केही प्रतिक्रिया दिएका छैनन्।

## सडकमा जमेको पानीले निकास पायो

प्रस, पर्सागढी, १० भदौ/

पर्सागढी नगरपालिका–७ र ९ वडाका एकटाँगा र रघुनाथपुर सडक खण्डमा जमेको पानीलाई सोमवार नगरप्रमुख गोकर्ण पाठकको अगुवाइमा निकास दिइएको छ।



वर्षामा परेको पानी सो सडक खण्डमा जमेको तर एकटाँगा र रघुनाथपुरवासीले पानी निकासको लागि सडक खन्न रोक लगाएका थिए। सडक नखनेर जमेको पानीले निकास नपाएको र आवतजावतमा समस्या भएपछि नगरप्रमुख पाठकले प्रहरी परिचालन गर्दै जेसिबीबाट सडक कटान गरी पानीको निकास निकालेका थिए।

### विचारसार र सुक्तिहरू

**आफ्नै बदख्वाइँ गर्न केही मानिसलाई लगाइदिनुस्, पारिश्रमिक नलिएरै उनीहरू तत्परताका साथ इमानदारीपूर्वक काम गर्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# लिजा र सेवाग्राही

**आर्थिक वर्ष २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा धनुषाको औरही गाउँपालिका १०० अङ्कमा ८३.७५ अङ्क ल्याएर मधेस प्रदेशका १३६ वटा पालिकामैं उत्कृष्ट भएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजा (LISA) को फूल फर्म Local Institutional Self–Assessment हो । जसलाई नेपालीमा 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन' भनिन्छ । यो एउटा स्थानीय तहहरूले आफ्नो प्रशासनिक, वित्तीय, सेवाप्रवाह र समग्र संस्थागत क्षमताको मूल्याङ्कन गर्ने प्रक्रिया हो । यसको उद्देश्य स्थानीय तहहरूको संस्थागत क्षमताको अवस्था बुझ्नु, क्षमता अभिवृद्धिका लागि आवश्यक सुधारको पहिचान गर्नु र सेवाप्रवाहमा गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउनु हो । यो स्वमूल्याङ्कन प्रक्रियामा स्थानीय तहहरूले विभिन्न सूचकाङ्कका आधारमा आफ्नो कार्यसम्पादनको मूल्याङ्कन गर्छन् । सूचकाङ्कहरूमा सामान्यतया प्रशासनिक क्षमता, वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन, सेवाप्रवाह, पारदर्शिता र जवाफदेहिता जस्ता क्षेत्रहरू समेटिन्छन् । औरहीले प्रथम स्थान प्राप्त गर्नु भनेको यो पालिकाले संस्थागत क्षमता, सेवाप्रवाह र पारदर्शिताको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेको छ भन्ने जनाउँछ ।**

**मूल्याङ्कन परिणामसँग विशेष सेवाग्रहीलाई चासो हुनुपर्ने हो । आफ्नो पालिकाले अङ्क कम ल्याएमा सेवाग्राही तथा पालिकाका बासिन्दाले सीधा प्रश्न गर्न सक्नुपर्छ । किन कम अङ्क आयो ? कम अङ्क आउनुको मतलब सेवाप्रवाह चुस्त दुरुस्त छैन भन्ने हो, पारदर्शितामाथि प्रश्नचिह्न खडा हुनु हो । प्रशासनिक क्षमता, जनसमन्वय तथा जवाफदेहितामाथि औंलो ठडिनु हो । पालिकाले जति अङ्क ल्याए पनि सेवाग्राहीलाई मतलब छैन । सायद उनीहरूलाई लिजा के हो भन्ने नै थाहा छैन । प्रथम, द्वितीय हुनुपर्छ भन्ने होइन । राम्रो अङ्क ल्याएमा जनप्रतिनिधि एवं प्रशासकलाई स्याबासी दिनु र कम अङ्क ल्याएमा खबरदारी गर्नु चेतनशील सेवाग्राहीको कर्तव्य हो । उच्च अङ्क ल्याउने स्थानीय तहहरूलाई सरकारले प्रोत्साहन स्वरूप विभिन्न कार्यक्रममा प्राथमिकता दिन सक्छ । उच्च अङ्क ल्याउने स्थानीय तहहरूलाई प्रभावकारी र उत्तरदायी मानिन्छ, जसले उनीहरूलाई भविष्यमा विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनुदान, परियोजना र विकास कार्यक्रमहरूमा प्राथमिकता दिन सकिन्छ । यसको साथै उच्च अङ्क ल्याउने स्थानीय तहहरूले आफ्नो क्षेत्रको प्रतिष्ठा र विश्वास जित्न सक्छन् । यसले जनतामा सकारात्मक सन्देश प्रवाह हुन्छ ।**

**लिजामा कम वा बढी अङ्क प्राप्त हुनुमा विशेषत: प्रशासनिक संयन्त्र, जनप्रतिनिधि र सेवाग्राहीको भूमिकाले प्रत्यक्ष प्रभाव पार्छ । प्रशासनिक कर्मचारीहरू दैनिक कामकाज, वित्तीय व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन र सेवाग्राहीलाई सेवा प्रदान गर्ने प्रक्रियामा सक्रिय हुन्छन् । उनीहरूको दक्षता र कार्यसम्पादनको गुणस्तरले लिजा मूल्याङ्कनमा ठोस प्रभाव पार्छ । त्यसैगरी, जनप्रतिनिधिहरूले स्थानीय तहमा नीति निर्माणको नेतृत्व गर्छन् । उनीहरूले नीति, कार्यक्रम र बजेटलाई समुदायको आवश्यकता अनुसार तर्जुमा गरेका छन् भने सेवाप्रवाहमा सुधार देखिन्छ । जनप्रतिनिधिहरूले नै कर्मचारीहरूको कामको निगरानी र समन्वय गर्ने हुँदा प्रशासनिक कार्यलाई प्रभावकारी बनाउनुका साथै समुदायको आवश्यकता पहिचान गरी योजना बनाउनु उनीहरूको जिम्मेवारी हो । यी दुवै पक्षलाई दबाब दिनुपर्ने जिम्मेवारी सेवाग्राहीको हो ।**

# उठौं, जागौं–राष्ट्रिय भाषालाई महत्त्व दिऔं

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**अङ्ग्रेजी राष्ट्रिय भाषा नभएका देशहरूमा बालबालिका र वयस्कहरू अङ्ग्रेजी प्रयोग गर्छन् । यसबाहेक, यसलाई अभिजात वर्गको प्रतीकका रूपमा लिइन्छ र यो व्यक्तिको साक्षरतास्तर मापन गर्ने बेन्चमार्क बनेको छ । यो दुर्भाग्यपूर्ण प्रवृत्तिले राष्ट्रिय भाषा झन् टाढा लैजाँदै छ ।**

कुनै पनि देशको पहिचान भनेको त्यस देशको धर्म, संस्कार, संस्कृति, भौगोलिक विषेशता र सबैभन्दा महत्त्वपूर्ण भाषा हो । पछिल्लो १०/१५ वर्षमा नेपाली भाषाको अवस्था स्खलित भइरहेको छ । कुनै पनि देशमा विविध राष्ट्र भाषा हुन सक्छन् तर राष्ट्रिय भाषा एउटै हुन्छ र संसारका कुनै पनि मुलुकले आफ्नो राष्ट्रिय भाषालाई अति सम्मान गर्छन् र गर्नु पनि पर्छ ।

हाम्रो देशको साक्षरता प्रतिशत बढ्दो छ । शिक्षामा लगानी बढेको छ । समय नै चेतनशील बनेको हुँदा आजका अभिभावक स्वयं शिक्षाप्रति सचेत देखिन्छन् । अरूको भन्दा सक्षम बनाउन उनीहरू आफ्ना सन्तानलाई शहरतिर लान्छन् । सकेसम्म 'बोर्डिङ स्कूल' मा पढाउँछन् । धेरै शुल्क तिर्छन् । सरकारीमैं भए पनि राम्रा विद्यालय छान्छन् । आफूले धेरै दु:ख गरेर भए पनि उनीहरूलाई सुखसुविधा दिन्छन् । कपडा धोइदिने, खानाखाजा समयमा तयार पारिदिने, कापी, किताब मिलाएर राखिदिने, कोठा सफा गरिदिनेदेखि गृहकार्य गर्नसमेत सघाउँछन् आफ्ना छोराछोरीलाई कतिपय अभिभावकहरू । यति भएर पनि हाम्रा औसत विद्यार्थीको 'नेपाली भाषाको सामान्य ज्ञान' चाहिं घट्दो छ । यस्तो अवस्था आउनुका केही कारण छन् ।

सामाजिक पहिचान सुदृढ गर्न, सञ्चारको सहजीकरण, राष्ट्रिय विकासको प्रवर्द्धन, लोकतन्त्रीकरण र देशभित्र सांस्कृतिक विविधताको संरक्षण गर्न राष्ट्रिय भाषा महत्त्वपूर्ण हुन्छ । राष्ट्रिय भाषा राष्ट्रको लागि महत्त्वपूर्ण हुन्छ, किनकि यसले राष्ट्रिय शक्ति बढाउन, सामाजिक प्रगति, आर्थिक विकास र प्राविधिक नवप्रवर्तनमा सहयोग पुऱ्याउँछ र राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय विकासको रक्षा गर्दछ । कुनै पनि देशमा अन्य सयौं भाषा र बोली भए पनि राष्ट्रिय भाषाले राष्ट्रिय एकतालाई बल र सम्मान दिन्छ । राष्ट्रिय भाषाले देशको राष्ट्रिय चरित्रको स्पष्टरूपमा सङ्केत गर्छ । यदि तपाईं कुनै समाजलाई गहिरोरूपमा प्रवेश गर्न र बुझ्न चाहनुहुन्छ भने, यस समाजको भाषा बोल्न र लेख्न जान्नैपर्छ ।

चीन, जापानजस्ता देशहरू आफ्नो भाषामा जोड दिएरै विकसित भएका छन् । हामीकहाँ भने आफूलाई शिक्षित बनाउन विशेषत: अङ्ग्रेजी भाषालाई जोड दिने गन्छ । हाम्रा सरकारी विद्यालय पनि 'इङ्गलिस मिडियम' का बन्न थालेका छन् । सबैजसो विषय अङ्ग्रेजीमा पढ्नुपर्ने, अङ्ग्रेजीमैं लेख्नुपने, अङ्ग्रेजीमैं बोल्नुपर्ने– यी त भए विद्यालयका कुरा । कतिपयका त घरमा पनि, "अब बाबू 'ओरेन्ज खान्छ', 'नाइन बजिसक्यो, 'भिकल आइसक्यो', 'नानीको कपी लस्ट भएछ', 'बाहिर के को क्राउड हो', 'अब ब्रेकफास्ट गर्ने बेला भइसक्यो' जस्ता वाक्य भन्दै सानैदेखि अङ्ग्रेजीमैं अभ्यास गराएको देखिन्छ । सभ्य देखिनका लागि यसको सिको अन्यले पनि गर्ने नै भए । हामीकहाँ मातृभाषा बोल्न नचाहने बालबालिका पनि धेरै छन् । मातृभाषा पूरै बिर्सन नसकेर नेपालीमा गल्ती गर्ने पनि उत्तिकै छन् । यस्तो अवस्थामा न मातृभाषा शुद्ध, न नेपाली भाषा शुद्ध । मातृभाषाकै कारण कतिपय विद्यार्थी "हिजो पानी परेको बेलामा म बसमा छ । मैले गृहकार्य लेखिसक्यो । हिजो म अस्पताल गयो/गएको छ..." जस्ता वाक्य बोल्छन्/लेख्छन् । यस्तो अवस्थामा नेपाली भाषा कसरी शुद्ध प्रयोगमा आउन सक्छ ? हुनुपर्ने त मातृभाषा र राष्ट्रभाषा दुवै शुद्ध बोल्न/लेख्न जान्नु हो ।

अझ मधेस प्रदेशमा त हिन्दी भाषाको यति दबदबा छ कि समाजका प्रतिष्ठित कहलाउनेहरू पनि मातृभाषा भोजपुरी, मैथिली, मारवाडी बोल्दा प्रतिष्ठा नै घट्ने हो कि जस्तो ठान्छन् । हामीले आफ्नो सन्तानलाई मातृभाषाबाट दिनदिनै वञ्चित पार्दै लगिरहेका छौं भन्ने बुझ्नु ज्यादै जरुरी छ । मेरो हिन्दी भाषाप्रति कुनै आग्रह–पूर्वाग्रह छैन, म पनि हिन्दी राम्रो बोल्छु साथै विभिन्न हिन्दी कलाकारको नक्कल पनि राम्रै गर्छु । यति मात्र भन्न खोजेको हो कि आफ्नो राष्ट्रिय भाषालाई सम्मान गर्न सिक्नुपर्छ र आफ्ना बालबालिकालाई यसको महत्त्व बुझाउनुपर्छ ।

केही महीना अघि एउटा हिन्दी कवि गोष्ठीमा एकजना विद्वान्, प्रतिष्ठित पत्रकारले एउटा कार्यक्रममा केसम्म भन्न भ्याए भने– हिन्दी भाषा ही हमारे देशका सेतु है । नेपाली भाषा ने तो हमें वर्षों से गुलाम बनाए हैं ।" उनको त्यो भाषण सुनेर हामी दुईजना साथी त्यहाँबाट जुरुक्क उठेर हिड्यौं । पछि बुझ्दै जाँदा त उनको ठूलो स्वार्थ लुकेको रहेछ त्यहाँ । कुनै भाषा जान्नु र सिक्नु सार्है सराहनीय कुरा हो तर आफ्नो देशको राष्ट्रिय भाषाप्रति घृणा प्रयोग गर्नु कति उचित होला ? स्थानीय भाषा, मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषा प्रत्येक नागरिकले जान्नैपर्छ र बहुभाषाको महत्त्व सिकाउनैपर्छ ।

हामीलाई विश्व समुदायमा परिचय गराउने भाषा नेपाली हो । यो हाम्रा लागि अति प्यारो छ । यो कुरा स्विकारेर, 'नेपाली पनि पढ्नै र जान्नैपर्ने विषय हो' भन्ने कुराको बोध न हाम्रा विद्यार्थीले गर्न सकेका छन्, न शिक्षकले नै गराउन सकेका छन् । त्यसैले नेपाली विषयमा विद्यार्थीको खास रुचि छैन । के शहर, के गाउँ, प्राय: सबैतिरका विद्यालयले अङ्ग्रेजी भाषालाई नै जोड दिएपछि यस्तो अवस्था आउनु स्वाभाविक पनि हो । परिणामत: कक्षामा नेपाली विषयको घण्टीमा पनि विद्यार्थीहरू अङ्ग्रेजी, विज्ञान, गणित र ऐच्छिक गणितजस्ता विषयको अभ्यास र छलफलमा व्यस्त हुन रुचाउँछन् । ट्युशन तिनै विषयको हुन्छ । तर परीक्षाको नतीजा तल्लो ग्रेड तिनै विषयमा आएको देखिन्छ ।

विद्यालय, घरपरिवार मात्र होइन, सर्वत्रको वातावरण 'अङ्ग्रेजीमय' छ । नेताहरू बोल्दा अङ्ग्रेजी मिसाउँछन् । पत्रकारहरू उसै गर्छन् । यस्तो भएपछि, अभिभावक चाहेर पनि नेपाली भाषाको कमजोरी हटाउन सक्दैनन् । उनीहरूमा त्यस्तो चाहना पनि पलाउँदैन । बरु छोराछोरीले कनीकुथी नेपाली पढेको भन्दा सरर्र अङ्ग्रेजी बोलेको, अङ्ग्रेजी लेखेकोमा गर्व गर्छन् । एकजना शिक्षित अभिभावक आफ्नो छोरो भर्ना गर्न आउँदा मुसुक्क हाँस्दै भनेको कुरा बेलाबेलामा सम्झन्छु । उनको छोरा मात्र होइन, आठ/नौ कक्षामा पढ्ने कतिपय विद्यार्थीलाई १ देखि १०० सम्म गन्नसमेत आउँदैन । उनीहरूले नेपालीमा कुनै कुरा लेख्न खोजे भने अङ्ग्रेजीमा सोच्ने भएकाले, कतिपय 'इङ्गलिश वर्ड' नेपालीमा बताइदिनुपर्छ ।

नेपाली विषयको कक्षामा पनि कतिपय शब्दलाई अङ्ग्रेजीमा उल्था गरेर बुझाइदिनुपर्छ । नेपाली अङ्कमा भन्यो भने फोन नम्बर बुझ्दैनन् । कक्षामा, 'किताबको २७६ पृष्ठ पल्टाऊ भन्यो भने, त्यो भनेको कति हो सर, भन्छन् । यस्तो अवस्था छ।

'भन्छन्', 'लेख्छन्', 'भन्थ्यो', 'लेख्थ्यो' लेख्न जान्दैनन् । गऱ्यो, 'शृङ्खला' चिरञ्जीवी, विश्वनाथ लेख्न सक्नु त परको कुरा । ए "हामी नेपाली हौं, हामीले नेपाली भाषालाई माया गर्नुपर्छ । यसलाई शुद्धसँग लेख्न/बोल्न जानिएन भने त नेपाली भएको अर्थै भएन नि !" भन्यो भने, "सर हामी १२ कक्षा सकेर विदेश जानेलाई नेपाली जानेर के काम ?" अब सम्झाउने ठाउँ छ त ? राज्य जब कमजोर हुन्छ विदेशीहरूको हालीमुहाली हुन थाल्छ र त्यस मुलुकलाई कमजोर पार्न त्यहाँको भाषा र संस्कृतिमाथि आक्रमण शुरू हुन्छ । हो त्यही भइरहेको छ, यो देशमा अहिले ।

हामीलाई थाहै छ–नेपाली भाषाको जग संस्कृत हो । 'संस्कृत पढेर के काम', 'मलाई संस्कृत पढ्नै मन लाग्दैन', 'यसको कुनै काम छैन', भने पनि नेपालीमा प्रयोग हुने थुप्रै शब्दहरू संस्कृतबाट आएका हुन्छन् । तिनलाई हामीले प्रयोग गरिरहेका हुन्छौं । हामीले प्रयोग गर्ने धेरै शब्दको स्रोत, व्युत्पत्ति, निर्माण प्रक्रिया इत्यादिको कुरो गर्नुपर्दा संस्कृतसम्म नपुगी धरै छैन । नेपाली भाषाकै अवस्था कमजोर भइरहेको यो बेलामा अब संस्कत भाषाको महत्त्व कसले सम्झाउने ?

हाम्रो पहिचान र गौरव भनेकै पूर्वीय दर्शन हो । कतिपय सन्दर्भमा वेद, पुराण, रामायण, महाभारत, उपनिषद्का प्रसङ्ग उल्लेख गर्नुपर्ने हुन्छ । त्यो बेला स्वत: संस्कृत पदावली, श्लोक आउने नै भए । यस्ता प्रसङ्ग हाम्रा पाठ्यपुस्तकमा पनि उल्लिखित छन् । नेपाली वाक्य राम्ररी पढ्न नजानेको अवस्थामा 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन', 'कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति' जस्ता संस्कृत पदावलीलाई कसरी सिकाउने/बुझाउने होला ? नेपाली लेखाइ र उच्चारण शुद्ध बनाउने उद्देश्यले सेतोपाटीमा सरस्वती वन्दना लेखेर–'यो सारेर कण्ठस्थ पार्नुहोस् है । भन्यो भने, "सर यो परीक्षामा आउँछ र ?" भन्ने खालको जवाफ पाइन्छ ।

कुनै पनि भाषा जान्नु राम्रो हो । त्यसमा पनि विश्वभाषाका रूपमा स्विकारिएको अङ्ग्रेजी भाषा त जान्नैपर्छ तर यसो भन्दैमा नेपाली भाषालाई बेवास्ता गर्नु चाहिं कुनै पनि हालतमा राम्रो होइन । समय समयमा मनाइने भानुजयन्ती, मोतीजयन्ती, लेखनाथ जयन्ती, देवकोटाजयन्ती, समजयन्तीका सन्दर्भमा नेपाली भाषालाई सानो कक्षादेखि नै शुद्ध प्रयोग गर्ने वातावरण बनाउनुपर्छ भन्नेतर्फ सबैको ध्यान जानु आवश्यक छ ।

अन्त्यमा पछिल्लो समय धेरै देशमा एउटा दुर्भाग्यपूर्ण प्रवृत्ति बसेको छ । अङ्ग्रेजी राष्ट्रिय भाषा नभएका देशहरूमा बालबालिका र वयस्कहरू अङ्ग्रेजी प्रयोग गर्छन् । यसबाहेक, यसलाई अभिजात वर्गको प्रतीकका रूपमा लिइन्छ र यो व्यक्तिको साक्षरतास्तर मापन गर्ने बेन्चमार्क बनेको छ । यो दुर्भाग्यपूर्ण प्रवृत्तिले युवा पुस्तालाई राष्ट्रिय भाषाबाट झन् टाढा लैजाँदै छ ।

राष्ट्रिय भाषाको जगेर्ना गर्न हामी सबै एकबद्ध हुनु ज्यादै महत्वपूर्ण छ । सबैमा चेतना भया !

# वैज्ञानिक समाजवादी पार्टीको महोत्तरी र रौतहट भेला सम्पन्न

प्रस, वीरगंज, १० भदौ/

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल महोत्तरीको दोस्रो जिल्ला भेला सोमवार बर्दिवासमा सम्पन्न भएको छ । भेलाले गङ्गा सापकोटा सचिव रहने गरी १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ । समितिमा बुद्धिमाया कोइराला, अनिशलाल दास, बालकुमार कार्की, नानु बराइली, नीराजन साह, सञ्जीव साह, मदन बराइली, लालबहादुर ठटाल, अनिश दाहाल, इन्द्रबहादुर विक, पार्वती कार्की छन् ।




भेलामा मिथिला–भोजपुरा ब्यूरो संयोजक मदन प्रभातले पार्टीको कार्यदिशा, नीति र योजनाबारे प्रशिक्षणात्मक मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पार्टीका धनुषा जिल्ला सेक्रेटरी राजु भाइ, जात व्यवस्था उन्मूलन मोर्चाका केन्द्रीय सदस्य बुद्धिमाया कोइरालाले मन्तव्य व्यक्त गरेका थिए ।

त्यस्तै, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालको प्रथम रौतहट सम्मेलन मोतीपुर हथिसारमा हिजो शनिवार सम्पन्न भएको छ ।

सम्मेलनको उद्घाटन मिथिला भोजपुरा ब्युरो इन्चार्ज मदन प्रभातले गरेका थिए । उनले वैज्ञानिक समाजवादी पार्टी नेता, कार्यकर्ता तथा सिङ्गो समुदायलाई आत्मनिर्भर बनाउने पार्टी भएको दाबी गरे । उनले आत्मनिर्भर अर्थतन्त्र नभएसम्म देशको विकास नहुने बताए ।

कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालको सचिवालय सदस्य बैधनाथ श्रमजीवी, नेपाल कम्युनिस्ट पार्टी विप्लवको रौतहट जिल्ला इन्चार्ज विनोद काफ्ले, जात व्यवस्था उन्मूलन मोर्चाका केन्द्रीय सदस्य मञ्जुदेवी रामलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण आकाश बस्नेतले गरेका थिए ।

भेलाले सौगात विश्वकर्मा सचिव रहनेगरी १९ सदस्यीय कमिटी चयन गरेको छ । आगामी असोज ३, ४ र ५ गते काठमाडौंमा हुने प्रथम राष्ट्रिय सम्मेलनको लागि भेलाले दुई/दुई जना महिला र पुरूष प्रतिनिधिसमेत छनोट गरेको छ ।

## ज्ञानदाका शिक्षकहरूलाई तालीम

प्रस, वीरगंज, १० भदौ/

ज्ञानदा एकेडेमी वीरगंजले भविष्यको गतिशील शैक्षिक परिदृश्यको लागि शिक्षकहरू तयार पार्न शिक्षा ४.० परिभाषित गर्ने तालीमको आयोजना गरेको थियो ।

कार्यक्रम संयोजक त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापक एवं केन्द्रीय विभाग सर्टिफिकेट अफ अचिभमेन्टका बाबुराम तिम्सिनाले कक्षा कोठा र बाहिरको शिक्षाको भविष्य र त्यससँग जोडिनका लागि कस्तो प्रकारको वर्गीकरण आवश्यक पर्ने बारेमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# विद्यालयदेखि कार्यालयसम्म ह्वील चियरमा

मङ्गलबारे (इलाम), १० भदौ/रासस

आलोक खतिवडा २३ वर्षका भए। माग्दै हात थापेर जीविकोपार्जन गरिरहेको अवस्थामा आलोक मेहनत गर्दा सफल विद्यालयसम्म लैजान्थ्ये। दैनिक विद्यालय पुऱ्याउने र ल्याउने गर्दै उच्च शिक्षासमेत


ह्वील चियरमा छोरा आलोकलाई कार्यालय लैजाँदै बुबा भुवन। तस्बिरः टीका खतिवडा/रासस

उनको कम्मर चल्दैन अर्थात् बसेको एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्दैनन्। उनी हालै लोकसेवा आयोगले लिएको खरिदार पदको परीक्षामा उत्तीर्ण भएर जिल्ला हुलाक कार्यालयमा कार्यरत छन्।

आलोकका दाजु २६ वर्षीय भुपालले पनि लोकसेवा आयोगले लिएको नायब सुब्बाको परीक्षामा पहिलो पत्र उत्तीर्ण गरेर त्यसपछिका परीक्षा दिइसकेका छन्। आलोकले गत वर्ष स्नातक पूरा गरेका हुन् भने दाजु भुपालले तीन वर्षअघि स्नातक सकेका हुन्। उनीहरू दुवैले इलामबाटै आफ्नो अध्ययन पूरा गरेका हुन्।

बुबाआमा बजारमा सामान्य तरकारी पसल गर्छन्। तरकारी बेचेर बुबा भुवन र आमा तेजकुमारीले आलोकलाई सरकारी सेवामा प्रवेश गराए। अपाङ्गता भएका धेरैले सामान्य अपाङ्गता हुँदा पनि भइन्छ भन्ने उदाहरण बनेका छन्। आलोकले कार्यालयमा कम्प्युटर चलाउने र दर्ता गर्ने काम गर्दै आएको बताए।

"मेहनत गऱ्यो भने सफलता मिल्दोरहेछ," आलोकले भने। दुईजना सन्तानमध्ये दुवैजना शारीरिक अपाङ्गता छ। दुवैजनाको कम्मर नचल्ने समस्या रहेको आमा तेजकुमारीले बताइन्। कम्मर नचलेपछि एक ठाउँमा बसेका उनीहरू अर्को ठाउँमा सर्न सक्दैनन्। दिसापिसाब गराउन दुवै छोरालाई बुबाआमाको सहारा चाहिन्छ।

कान्छो छोराले लोकसेवा पास गरी सरकारी प्रवेश गरेसँगै परिवारमा एउटा खुशी प्रवेश गरेको आमा तेजकुमारीले बताइन्। जन्मिएको करीब नौ वर्षको उमेरदेखि दुवै छोरा हिंड्न नसक्ने भएपछि बुबाआमाले ह्वील चियरको सहारामा त्यसरी नै पढाएको बुबा भुवनले बताए।

इलामको सन्दकपुर घर भएका उनीहरू छोराहरू हिंड्न–डुल्न नसक्ने भएकाले इलाम बजारमा सरे। छोराहरूको शिक्षाका लागि भनेर लामो समय दुःख र सङ्घर्ष गर्नुपरेको उनले दुःखेसो बताए। "उपचारका लागि नेपालका धेरै अस्पतालमा लगे पनि उपचार सम्भव भएन। ह्वील चियरमा भएपनि विद्यालय र उच्च शिक्षा हासिल गराउनुपर्छ भनेर हामीले निरन्तर सङ्घर्ष गऱ्यौं," उनले भने।

"आआफ्नो लेखान्त रहेछ। जे भएपनि एउटा खुशी पाएका छौं," आमा तेजकुमारीले भनिन्। अहिले पनि बजारमा तरकारी पसल गरिरहेको भन्दै छोरालाई कार्यालय लैजाने र ल्याउने काममा बुबा दैनिक खटिनुपर्ने उनले जानकारी दिइन्। "म तरकारी पसलमा बस्छु। बुबाले कान्छो छोरालाई कार्यालय छोडेर आएपछि पालैपालो गरेर घरमा भएको छोरोलाई दिसापिसाब गराउने र खान दिने गरिरहेका छौं," उनले भनिन्।

गत जेठमा नियुक्ति लिएर पाँचथरको अमरपुरमा हाजिर गर्न गएका आलोक इलाममा सरुवा लिएर हाल जिल्ला हुलाक कार्यालयमा कार्यरत छन्। अमरपुरमा हुँदा पनि चारैजनाको परिवार उतै बस्दै आएका थिए।

आलोक जिल्लामा एक उदाहरण बनेका छन्। मेहनतले सफल भइने उनको बुझाइ छ। उनी अरूलाई पनि मेहनत गर्ने सल्लाह दिन्छन्। उनले दोस्रोपटकमा नाम निकालेका हुन्। १२ जनाको कोटामा करीब तीन हजार जनाबीच प्रतिस्पर्धा रहेको उनले बताए। "दोस्रो चरणमा पनि २८४ जनाले परीक्षा दिएकामा खुल्ला तेस्रो नम्बरमा नाम निकाल्न सफल भएको हुँ," आलोकले भने। लोकसेवा आयोग धेरैको सपना जस्तै बनेको छ। आफूहरूले मेहनत गरेकाले सफलता मिलेको उनीहरूले बताए।

भुपाल योसहित तीनपटक लोकसेवाको परीक्षामा सहभागी भइसकेका छन्। अबको पटक नाम निस्कनेमा उनी पनि ढुक्क छन्। मेहनती र इमानदार खतिवडा कार्यालयमा समेत राम्रो काम गर्ने कर्मचारीका रूपमा छन्।

अपाङ्गतामैत्री कार्यालय निर्माण गरेर उनको सहजतामा समेत आफूहरू लागेको जिल्ला हुलाक कार्यालय, इलामका निमित्त प्रमुख गणेश घिमिरेले बताए। "केही व्यक्ति अझै पनि सामान्य अपाङ्गता हुँदा केही गर्न सक्दिनँ भन्ने सोचमा हुन्छन्। आलोक उहाँहरू सबैका लागि प्रेरणाको स्रोत बन्नुभएको छ," उनले भने, "उहाँको पदोन्नति होस् अनि भुपाल पनि आगामी परीक्षामा सफल बन्नुहोस् भन्ने हाम्रो कामना छ।"

# स्क्रब टाइफसका बिरामीको सङ्ख्यामा वृद्धि

बाग्मती, १० भदौ/रासस

मकवानपुरमा स्क्रब टाइफसका बिरामी बढेका छन्। साउन शुरू भएसँगै मकवानपुरमा फाट्टफुट्ट देखिने स्क्रब



टाइफसका बिरामी पछिल्लो समय ठूलो सङ्ख्यामा देखा पर्न थालेको हो।

साउनदेखि हालसम्म मकवानपुरमा स्क्रब टाइफसका बिरामीको सङ्ख्या ७० पुगेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिझारले जानकारी दिए। डेङ्गी सङ्क्रमणजस्तै स्क्रब टाइफसका बिरामी सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा भेटिएका छन्।

हेटौंडा उपमहानगरपालिकामा ३९ जना स्क्रब टाइफसका बिरामी फेला परेको प्रमुख मिझारले बताए। यस्तै मकवानपुरगढीमा नौ, मनहरी गाउँपालिकामा छ, बकैया गाउँपालिकामा सात, भीमफेदी गाउँपालिकामा चार, बाग्मती गाउँपालिका, कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकामा एक/एक जना स्क्रब टाइफसका बिरामी फेला परेका प्रमुख मिझारले बताए। मुसाको माइट नामक किर्नाको टोकाइबाट स्क्रब टाइफस हुने भएकोले सचेत रहन प्रमुख मिझारले आग्रह गरे।

### डेङ्गी सङ्क्रमित बढ्दै

पछिल्लो एक महीनामा मकवानपुरमा डेङ्गी सङ्क्रमितको सङ्ख्या पनि बढ्दै गएको छ। यही साउन १ गतेदेखि हालसम्म १४३ डेङ्गी सङ्क्रमित फेला परेका छन्।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिझारका अनुसार ७९ महिला र ६४ पुरुष गरी मकवानपुरमा १४३ जनामा नयाँ डेङ्गी सङ्क्रमित फेला परेका छन्। जसमध्ये सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा १०४, मनहरी गाउँपालिकामा १६, मकवानपुरगढी गाउँपालिकामा आठ, बकैया गाउँपालिकामा छ, भीमफेदी गाउँपालिकामा तीन, बाग्मती गाउँपालिका र कैलाश गाउँपालिकामा एक/एक जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको प्रमुख मिझारले बताए।

वर्षायामको समय भएकोले डेङ्गी सङ्क्रमित अझै बढ्न सक्ने हुँदा स्थानीय तहसँग समन्वय गरी जनचेतनामूलक सन्देश प्रवाह तथा लामखुट्टे मार्ने अभियान अघि बढाइएको प्रमुख मिझारले बताए।

डेङ्गी सङ्क्रमणको उच्च जोखिममा रहेको हेटौंडा उपमहानगर क्षेत्रमा लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियान शुरू भएको छ। हेटौंडा उपमहानगरपालिकाले नगरका विभिन्न वडामा लामखुट्टे लार्भा खोज्ने र नष्ट गर्ने अभियान शुरू गरेको हो।

पानी जम्ने ठाउँ पुर्ने, लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने, जोखिम क्षेत्रमा स्प्रे गर्ने तथा डेङ्गीबाट जोगिन गर्नुपर्ने सावधानीबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको हेटौंडा उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद तिवारीले बताए।

# क्यान्सर अस्पतालमा 'बोनम्यारो प्रत्यारोपण सेवा' को तयारी

चितवन, १० भदौ/रासस



बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा युनिट निर्माणको तयारी गरिएको छ। चीन सरकारको सहयोगमा उक्त सेवा सञ्चालनको तयारी गरिएको हो।


अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरीद र जनशक्तिलाई तालीमसमेत चीन सरकारले व्यवस्थापन गर्नेछ। यस अघि नेपाल सरकारसँग यससम्बन्धी सम्झौता भइसकेको भन्दै उनले सन् २०२४ को अन्तिमदेखि भवन निर्माण शुरू हुने बताए।

गत वैशाख १३ गते स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेल र चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेशनल डेभलेपमेन्ट को–अपरेशन एजेन्सी)का प्रमुख लियु झाओ हुईले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरिसकेको निर्देशक डा पौडेलले जानकारी दिए।

सम्झौतामा 'चीन सरकारले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालनका लागि सहयोग गर्नेछ' भन्ने उल्लेख छ। त्यसका लागि संरचना निर्माणदेखि चिकित्सकलाई सैद्धान्तिक र प्राविधिक तालीमसम्मका लागि चीनले आर्थिक सहायता उपलब्ध गराउने सहमति भएको उनले बताए।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार चिनियाँ टोली यहाँ आएर भवन निर्माणस्थलको अनुगमन गरेर गइसकेको छ। उनले हालको

(बाँकी पाँचौं पातामा)


**सिक्टा सिंचाइको नहरः** बाँकेमा निर्माणाधीन सिक्टा सिंचाइ आयोजनाको कोहलपुर नगरपालिका–१५ स्थित पश्चिमी मूलनहर। तस्बिरः भेषराज बस्नेत/रासस

# देशभरि वर्षा हुने सम्भावना

काठमाडौं, १० भदौ/रासस

सोमवार देशभर मनसुनी वायुको प्रभाव रहेको छ। साथै मनसुनको न्यूनचापीय रेखा पश्चिमतिर सरदर स्थानमा दक्षिणतिर र पूर्वतिर सरदर स्थानको आसपास अवस्थित रहेको जनाइएको छ। जल तथा मौसम विज्ञान



विभागद्वारा आज जारी मौसम बुलेटिनका अनुसार हाल देशभर आंशिकदेखि साधारणतया बदली रहेको छ भने कोशी र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा भइरहेको छ।

विभागका अनुसार आज दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहनेछ। सातै प्रदेशका केही स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी प्रदेशको पहाडी भूभागका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ।

यसैगरी, आज राति कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशलगायत देशको पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा आंशिक बदलीदेखि मुख्यतया सफा रहनेछ। कोशी, बाग्मती र कर्णाली प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ।

सबै प्रदेशका थोरै स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको पनि जनाइएको छ। कोशी प्रदेशको पहाडी भूभागका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयको जोखिम वा क्षतिबाट जोगिन विभागले आग्रह गरेको छ। साथै यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्क हुन विभागले अनुरोध गरेको छ।

# अद्‌भुत कलाका धनी अप्रतिम भगवान् श्रीकृष्ण

विचार



राममणि सिठौला

**उनले आफ्नो त्यो स्वरूप अक्रूर, उद्धव, राजा मुचुकुन्द, शिशुपाल, धृतराष्ट्रको सभामा देखाएका थिए। अद्‌भुत कला, अविश्वसनीय चमत्कारले भरिएका कृष्ण सनातन धर्मका आधार स्तम्भ र अप्रतिम भगवान् हुन्। "श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव :"**

आजभन्दा हजारौं वर्षअघि भदौ महीनाको कृष्ण पक्षको अष्टमी तिथिमा जन्मिएका कृष्णको वैदिक सनातन धर्ममा सर्वोच्च स्थान छ। विश्वभरिका सनातन धर्मावलम्बीले कृष्ण जन्मिएको पावन तिथिलाई कृष्णाष्टमीका रूपमा हर्षोल्लासका साथ मनाउने गर्छन्। यतिखेर कृष्ण मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ। धूमधामका साथ पूजाअर्चना गर्दै उनको आराधना गरिन्छ।

अद्‌भुत कला, असीम पुरुषार्थ र परमार्थले भरिएका कृष्ण सर्वत्र वन्दनीय र पूजनीय छन्। उनी सनातनीहरू माझ कन्हैया, माधव, श्याम, गोपाल, द्वारकेश,



द्वारिकाधीश आदि नामले चिनिन्छन्। सिङ्गो भारतवर्षमा सबैभन्दा अधिक र प्रसिद्व मूर्ति उनकै छ। श्रीकृष्ण संसारभरिका मानिसद्वारा अत्यधिक रुचाइएका अप्रतिम भगवान् हुन्। उनी देश, धर्म, सम्प्रदायबाट माथि उठेका सर्वमान्य पुरुष हुन्। आज विश्वमा सबैभन्दा बढी शोध उनैमाथि भइरहेछ।

'कृष्ण' नामबारे अनेकौं व्याख्या छन्। 'कृष्ण' नाममा भएको 'क' कारले ब्रह्माको वाचकलाई बुझाउँछ। 'ऋ' कार र 'ष' कारले शेषनाग र शिवलाई बोध गराउँछ भने 'ण'ले धर्मलाई सङ्केत गर्छ। त्यस्तै 'विसर्ग' नारायणको बोधक हो। कृष्ण परब्रह्म, परमात्मा हुन्, भक्तिका दाता हुन्। त्यसैगरी, कृष्ण नामको 'क' ले कमलकान्त, 'ऋ'ले राम, 'ष'ले शेषनागको शय्यामा निवासी विष्णु, 'ण'ले नरसिंहलाई बुझाउँछ। यी पूर्णतत्त्व, जुन महामन्त्ररूपी शब्दमा समाहित छ, वास्तवमा त्यही कृष्ण नै हो।

भगवान् विष्णुका आठौं अवतारका रूपमा द्वापर युगमा जन्मिएका कृष्णलाई सनातन धर्ममा त्यस युगका सर्वश्रेष्ठ पुरुष, युगपुरुष, युगावतारको स्थान दिइएको छ। कृष्ण आदर्श दार्शनिक, निष्काम कर्मयोगी, स्थितप्रज्ञ दैवी गुणले सुसज्जित महापुरुष थिए। योगेश्वर कृष्णका समकालीन कृष्ण द्वैपायन व्यासले कृष्णको चरित्रबारे श्रीमद्भागवत र महाभारतमा विस्तृतरूपमा उल्लेख गरेका छन्।

कृष्ण वसुदेव र देवकीका आठौं सन्तानका रूपमा मथुराको कारागारमा जन्मिएका थिए। देवकी कंसकी बहिनी थिइन्। कंस अत्याचारी राजा थियो। जब ऊ आफ्नी नवविवाहित बहिनीज्वाइँलाई रथमा चढाएर घर पुऱ्याउन जाँदै थियो, तब आकाशवाणी भयो, "देवकीको आठौं गर्भबाट तेरो मृत्यु हुनेछ।" यो सुन्नेबित्तिकै उसले बहिनीलाई मार्न तरबार उठायो। तब वसुदेवले बिन्ती गरे, "देवकीबाट जति सन्तान जन्मिन्छन्, ती सबै बुझाउँला तर आफ्नी बहिनीलाई नमार्नू।"

कंसले वसुदेवको प्रतिज्ञा स्वीकार गऱ्यो र उनीहरूलाई मथुराको कारागारमा बन्दी बनायो। कारागारमा देवकीका जति सन्तान जन्मिए, सबैलाई कंसले हत्या गऱ्यो। देवकीको सातौं गर्भ देवी योगमायाले भगवान् विष्णुको आज्ञानुसार वसुदेवकी दोस्री पत्नी रोहिणीका गर्भमा सारिदिइन्। जब कृष्णको जन्मको दिन आयो, भगवान् विष्णु प्रकट भएर देवकीलाई आफू उनका छोराको रूपमा जन्म लिन लागेको रहस्य बताए। साथै उनले त्यतिखेर सारा पहरेदार निद्रामा मस्त हुने तथा वसुदेवका हतकडी आफैं खुल्ने पनि जानकारी दिए।

आफूलाई टोकरीमा राखेर गोकुल पुऱ्याउने र नन्दका घरमा भर्खरै जन्मिएको कन्या मथुरा लिएर आउन वसुदेवलाई सल्लाह दिए। भगवान्ले भने अनुसार भदौ अष्टमी तिथि, रोहिणी नक्षत्रका बेला मथुराका कारागारमा कृष्णको जन्म भयो। उनकै लीला अनुरूप वसुदेव र देवकी हतकडी मुक्त भए। वसुदेवले टोकरीमा राखेर गोकुल लिएर जाँदै गर्दा भदौरे भेलले यमुना नदी उर्लिरहेकी थिइन्। जब यमुनाले कृष्णको दर्शन गरिन्, तब वसुदेवका निम्ति बाटो खुला गरिदिइन्।

नागहरूले आफ्ना फणाले कृष्णलाई पानीले नभिजाओस् भनेर ओत दिए। केही समयमा नै वसुदेव यशोदाका काखमा सुतिइरहेकी कन्यालाई उठाइ कृष्णलाई त्यहाँ सुताएर मथुरा फर्के। कन्यालाई देवकीका काखमा सुताइ वसुदेव पूर्ववत् कारागारमा बन्दी भएर बसे। केही क्षणमा बालिका रोएको आवाजले पहरेदारका निद्रा खुले र तिनले कंसलाई खबर गरे। अरू बालकलाई झैं जब कंसले बालिकालाई भुइँमा पछारेर मार्न खोज्यो, तब ती बालिकाले आकाशमा उड्दै भनिन्, "हे पापी, तैंले मलाई के मार्लास् ? तँलाई मार्ने गोकुलमा पैदा भइसकेको छ।" उनी योगमाया थिइन्। यसले कंसका मनमा चीसो पस्यो। उसले कृष्णलाई मार्न अनेकौं उपाय लगाए पनि सबै असफल भए।

कृष्णको बाललीला बयान गरी साध्य नै छैन। दही चोरी, पुतना वध, वत्सासुर–वकासुर–लम्बासुर–केशी वध, गोवर्द्धन धारण, गोपिका चीरहरण, कालीय दमन आदि हुन्। कृष्णका चमत्कारका कथालोकमा त्यति नै प्रसिद्ध छन्। उनले माता यशोदालाई आफ्ना मुखको सारा ब्रह्माण्ड देखाएका थिए। उनले सान्दिपिनी ऋषिका छोरालाई यमराजका मुखबाट फिर्ता ल्याएका थिए भने मथुराकी कुप्री कुब्ज सुन्दरीलाई लक्षणबाटै ठीक गरेका थिए। उनले इन्द्रको अहङ्कार चुर गर्न औंलाले पर्वत उठाएका थिए। बर्बरिकको शिर काटेर एक स्थानविशेषमा राखेका थिए, जहाँबाट युद्ध देख्न सकियोस्। जयद्रथ वधका समयमा आफ्नो मायाले समयपूर्व नै सूर्यास्त गराएका थिए भने अभिमन्युकी पत्नी उत्तराका गर्भमा हुर्किरहेको परीक्षितलाई पुनः जीवित गरेका थिए। उनका यस्ता धेरै चमत्कारका कथा छन्।

आफ्ना सौर्यले कृष्णले कंसका दरबारका चारुण, मुष्टिक आदि वीरहरूलाई पनि परास्त गरे, अत्याचारी बर्बर कंसलाई मारेर मातापिता र मावलीका पितामह उग्रसेनलाई कारागारबाट मुक्त गरे। उनले मथुरा र गोकुलमा धर्म, न्याय र समताको शासन स्थापना गरे।

'महाभारत'मा पनि उनले नायकत्वको भूमिका निर्वाह गरे। उनले भारीसभामा द्रौपदीको चीरहरण हुँदा सारी रूप धारण गरेर द्रौपदीको इज्जत बचाए। पाण्डव र कौरवको लडाइँमा आफूले हतियार नचलाउने शर्तमा पाण्डव पक्षका सारथि भएर काम गरे। त्यही युद्धका दौरानमा पूर्वीय धर्म र दर्शनको महाग्रन्थ 'गीता' जन्मियो। यसमा 'महाभारत'को युद्धका बीच अर्जुन र कृष्णको संवादको बयान नै श्रीमद्भागवत 'गीता'को उत्पत्ति श्रीकृष्णका मुखबाट भएको थियो। यसलाई महर्षि वेदव्यासले श्लोकका रूपमा ग्रन्थमा वर्णन गरेका छन्।

'गीता'ले हाम्रो जीवनका मार्गमा आउने विपत्तिबाट उम्कनका निम्ति मार्गप्रशस्त गर्छ। यसमा मुख्यरूपमा ज्ञानयोग, कर्मयोग र भक्तियोगलाई महत्त्व दिइएको छ। 'महाभारत'को १८ पर्वमध्ये भीष्म पर्वको एक हिस्सा हो, गीता। यसमा कुल १८ अध्याय छन्। तिनको कुल श्लोक ७०० छन्। वेदको सार उपनिषद् हो। उपनिषद्को सार 'गीता' हो। उपनिषद् गाई हो भने 'गीता' दुग्धधारा। यसमा सृष्टिको उत्पत्ति, जीव विकासको क्रम, हिन्दू सन्देशवाहकको क्रम, मानवोत्पत्ति, योग, धर्म, कर्म, ईश्वर, भगवान्, देवीदेवताको उपासना, प्रार्थना, यम, नियम, अन्तरिक्ष, जीवन प्रबन्धन, राष्ट्रनिर्माण, त्रिगुणको सङ्कल्पना, सबै प्राणीमा मैत्रीभाव आदिको चर्चा छ, अनेकौं योगहरूको वर्णन छ। पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं, सातौं, आठौं, नवौं, दशौं, एघारौं, बाऱ्हौं, तेऱ्हौं, चौधौं, पन्ध्रौं, सोऱ्हौं, सत्रौं र अठारौं अध्यायमा क्रमशः विषाद, साङ्ख्य, कर्म, ज्ञान, ज्ञान कर्मसंन्यास, आत्मसंयम योग, ब्रह्म, राजविद्याराज, विभूति, दैवासुत्स्मिद्ध, श्रद्धा विभाग, मोक्ष संन्यास योग आदिको चर्चा छ।

आफ्ना बन्धुबान्धव देखेर युद्धदेखि डराएका अर्जुनलाई साङ्ख्य योगमा युद्धदेखि भाग्नु कायरताको संज्ञा दिंदै आत्माको अमरताबारे बताइएको छ। कर्मयोगमा कर्मको गम्भीर विवेचना हुनाका साथै अनासक्त भावको निरूपणको उपाय बताइएको छ। ज्ञान कर्म संन्यास योगमा सगुण भगवान्को प्रभाव, कर्मयोगको विषय, योगी महात्मा

(बाँकी पाँचौं पातामा)



**काठको टहराबाट 'एअर ट्राफिक कन्ट्रोल':** मुगु जिल्लामा रहेको रारा विमानस्थलमा व्यवस्थित टर्मिनल भवन र टावर भवन नहुँदा रारा नागरिक उड्डयन कार्यालयका एअर ट्राफिक कर्मचारीहरूले काठको टहरोमा कार्यालय सञ्चालन गरी विसं २०६० देखि 'एअर ट्राफिक कन्ट्रोल'को कार्य गर्दै आएका छन्। तस्बिरः नृपेन्द्रबहादुर मल्ल/रासस

## फरक समाचार

### सामान्य ज्ञानका अनौठा प्रश्न

प्रश्नोत्तरीः एउटी केटी सन् १९८० मा जन्मिएकी र १९८० मा मरी, मृत्युको समयमा उनको उमेर २० वर्ष थियो, कसरी भन्नुस् ?

जहिले पनि तपाईंले कामको लागि परीक्षा दिनुपर्छ वा जागीरको लागि अन्तर्वार्ता दिनुपर्छ। प्रश्नहरू जताततै कुनै न कुनै रूपमा सोधिन्छन्। यस्तो अवस्थामा हामीले तपाईंका लागि उत्तर ल्याएका छौं।

पढाइ र जागीरको कुरा गर्दा सामान्य ज्ञानको उल्लेख हुन्छ नै। आज हामीले तपाईंका लागि सामान्य ज्ञानसँग सम्बन्धित केही यस्ता प्रश्नहरू ल्याएका छौं, जुन तपाईंको ज्ञान बढाउन र चीजहरू बुझ्न मदत गर्छ। सामान्य ज्ञानका प्रश्नहरू जुनसुकैरूपमा सोध्न सकिन्छ। तसर्थ तपाईंको सामान्य ज्ञान जति राम्रो हुन्छ, जागीर पाउने सम्भावना त्यति नै बढी हुन्छ। त्यसैले यहाँ हामी तपाईंलाई प्रश्न र तिनका उत्तरहरू बताइरहेका छौं।

प्रश्न – संसारमा सबैभन्दा मन नपर्ने तरकारी कुन हो ?
उत्तर– संसारमा सबैभन्दा मन नपर्ने तरकारी हो करेला।
प्रश्न – मिस वर्ल्ड बन्ने प्रतियोगीले कति पैसा पाउँछ ?
उत्तर– मिस वर्ल्ड बन्ने प्रतियोगीले प्रतियोगितामा जितेपछि करीब १६ करोड रुपैयाँ पाउँछन्।
प्रश्न – कुन देशका जनताले सर्पको विष पिउने गर्छन् ?
उत्तर – त्यो देश अरू कोही होइन, इन्डोनेशिया हो, जहाँ मानिसहरू सर्पको विषसमेत पिउने गर्छन्।
प्रश्न– आखिर के हो त्यो काम जुन मानिसले मरेपछि पनि गर्न सक्छन् ?
उत्तर– वास्तवमा त्यो काम अङ्गदान हो, जुन मानिसले मृत्युपछि पनि गर्न सक्छ।
प्रश्न– सधैं गलत लेखिने एउटा यस्तो शब्द ?
उत्तर– गलत।
प्रश्नः कुन रूममा पर्खाल छैन ?
उत्तर – मसरूममा।
प्रश्न – के दूध खाँदा हृदयघातको खतरा बढ्छ ?
उत्तर – मासको दाल दूधसँग खाँदा हृदयघातको खतरा बढ्छ।
प्रश्न – एउटी केटी सन् १९८० मा जन्मिएकी र सन् १९८० मा मरी, मृत्यु हुँदा उनको उमेर २० वर्ष थियो, कसरी भन ?
उत्तर – वास्तवमा त्यो केटीको उमेर २० वर्षको हुँदा अस्पतालको कोठा नम्बर १९८० मृत्यु भयो र उनको जन्म १९८० मा भएको थियो।

### प्रेम थियो भने, कृष्णले राधासँग किन बिहे गरेनन् ?

मानिसहरूले अहिले पनि राधा र कृष्णको प्रेम कथाको उदाहरण दिन्छन् र भविष्यमा पनि दिन्छन्। जब दुवैले एकअर्कालाई धेरै माया गर्थे, तब कृष्णले राधासँग किन बिहे गरेनन् त ?

भगवान् विष्णुको आठौं अवतार श्रीकृष्ण हिन्दू धर्मका सबैभन्दा प्रिय देवतामध्ये एक हुन्। हिन्दू पौराणिक कथा अनुसार श्रीकृष्णको जन्म पृथ्वीमा राक्षस राजा एवं उनका मामा कंसको शासन समाप्त गर्नको लागि भएको थियो। श्रीकृष्णको जन्मको कथा पनि अनौठो छ। उनी देवकी र वसुदेवबाट जन्मेका थिए, तर यशोदा र नन्दले हुर्काएका थिए। यशोदा र नन्दसँग रहँदा बाल्यकालमा कृष्ण र राधाको भेट भएको थियो। हुर्कंदै गएपछि उनीहरूको मित्रता प्रेममा परिणत



भयो। उनीहरूबीचको प्रेम यस्तो थियो कि आज पनि मानिसहरूले कृष्णको नामको अगाडि राधा राख्छन्।

तर यतिधेरै प्रेम हुँदाहुँदै पनि दुवैले किन विवाह गरेनन् ? यसका पछाडि धेरै कथा छन्।

**श्रीकृष्णप्रति राधाको प्रेम दिव्य हो**

राधा र कृष्ण एकअर्काको गहिरो प्रेममा परेकाबारे धेरै कथा भएपनि यो भनिन्छ कि तिनीहरूको प्रेम सामान्य शारीरिक अर्थमा थिएन। इस्कनको वेबसाइटले भन्छ कि भगवान् कृष्ण र राधाबीचको प्रेमको बन्धन भौतिक थिएन, बरु यो एक आध्यात्मिक र शुद्ध भक्ति थियो। त्यसैले भनिन्छ, भगवान् कृष्ण र राधा ईश्वरीय सिद्धान्तका दुई भिन्न स्वरूप हुन्।

**राधाकृष्णको प्रेम विवाहको बन्धनभन्दा टाढा थियो**

अर्को सिद्धान्त यो कि राधा र कृष्णको एकअर्काप्रतिको प्रेम यति गहिरो थियो कि यो विवाहको विचार वा बन्धनभन्दा बाहिर थियो। उनीहरूको प्रेम शुद्ध र निस्स्वार्थ थियो र त्यसैले उनीहरूले एकअर्कासँग विवाह नगर्ने निर्णय गरे। इस्कनको वेबसाइटमा लेखिएको छ कि प्रेम र विवाह एकअर्काबाट पूर्णतया फरक छन् भनेर प्रमाणित गर्न भगवान् कृष्ण र राधाले एकअर्कासँग विवाह नगर्ने निर्णय गरे। प्रेम शारीरिक हुनुभन्दा पनि पवित्र र निस्स्वार्थ भावना हो भनी प्रमाणित गर्न दुवैले एकअर्कासँग विवाह नगरी प्रेमको परम भक्ति व्यक्त गरेका थिए।

**राधा जेठी थिइन्**

राधा श्रीकृष्णभन्दा ११ महीना जेठी थिइन् भन्ने मान्यता पनि छ। जसका कारण दुवैले विवाह गर्न सकेनन्। त्यसैगरी, कतिपय कथामा यी दुवैको पृष्ठभूमि फरक भएकाले समाजले विवाह गर्न नदिएको बताइन्छ।

**राधाले अस्वीकार गरिन्**

एउटा कथा यस्तो पनि छ कि श्रीकृष्णले राधालाई विवाहको लागि प्रस्ताव राखेका थिए तर राधाले मानिनन्। किनभने उनी दरबारमा बस्न चाहँदिन थिइन्। राधा गोठालाकी छोरी थिइन्, त्यसैले उनले कृष्णसँग दरबारमा बस्न अस्वीकार गरिन्।

**राधा र कृष्ण एउटै थिए**

अर्को विश्वास के छ भने राधा र कृष्ण दुई फरक व्यक्ति नभई एउटै आत्मा थिए। उनीहरू एकअर्कामा बस्थे, त्यसो भए उनीहरूको बिहे किन भएन ? यसबाहेक अर्को एउटा मान्यता पनि छ, जस अनुसार भगवान् कृष्ण र राधाले एकअर्कालाई एउटै आत्मा मान्थे, त्यसैले उनीहरूले आफ्नो आत्मासाथीसँग कसरी विवाह गर्न सकिन्छ भनेर तर्क दिए।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इजरायलका 'नयाँ शर्तहरू' अमान्य : हमास

कायरो, इजिप्ट, १० भदौ/एएनआई

हमासले युद्धविराम सम्झौताका लागि इजरायलले राखेका 'नयाँ शर्तहरू' अमान्य भएको भन्दै हमासको प्रतिनिधिमण्डल वार्ताबाट पछि हटेको छ।

जुलाई–२ मा अमेरिकाद्वारा प्रस्तावित र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट



अनुमोदित प्रस्तावमा मात्र वार्ता गर्न सकिने भन्दै हमासको वार्ताका लागि इजिप्टको कायरोमा रहेको प्रतिनिधिमण्डल त्यहाँबाट बाहिरिएको सिएनएनले जनाएको छ।

वार्ताका लागि मध्यस्थकर्तासँग भेट गरेपछि हमास प्रतिनिधिमण्डल आइतवार कायरोबाट प्रस्थान गरेको हो।

गाजा युद्धको एक पक्षको प्रतिनिधित्व गरेको हमासको प्रतिनिधिमण्डलले वार्तास्थल छोडेपछि युद्ध अन्त्य गर्ने अमेरिकालगायत मध्यस्तकर्ताको सफलताको सम्भावनामा थप जटिलता आएको छ।

हमासले अमेरिकी राष्ट्रपति बाइडेनको खाका र सुरक्षा परिषद्को प्रस्तावको आधारमा गरिएको जुलाई–२ को सम्झौतामा मात्र सहमत हुने दाबी गरेको हमासको राजनीतिक ब्युरोका सदस्य इज्जात अल–रिस्कले विज्ञप्तिमार्फत जानकारी दिएका छन्।

अल–रिस्कले सम्झौतामा स्थायी युद्धविराम, गाजा पट्टीबाट पूर्णरूपमा सेना फिर्ता, मानिसलाई आफ्नो क्षेत्र फर्कने स्वतन्त्रता, राहत तथा पुनर्निर्माणलगायत विषय समावेश गर्न जोड दिएका छन्।

गत हप्ता हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले अल अक्सा टिभीसँग भएको कुराकानीमा इजरायलले सम्झौता स्वीकार गर्नका लागि नयाँ शर्तहरू तय गरेको र पहिलेका कुरा फिर्ता लिएको भन्दै नयाँ शर्त आफ्नो समूहका लागि मान्य नहुने बताएका थिए।

हमदानका अनुसार नयाँ शर्तहरूमा इजिप्टसँग सिमानामा रहेको पट्टी फिलाडेल्फी करिडरमा इजरायली सेनाको पुनःस्थापना र इजिप्टसँग रफाह सीमापारका लागि गैर–प्यालेस्टिनी व्यवस्थापनसमेत समावेश थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'नयाँ मागहरू' थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दाबी छ।

यसैबीच नेतान्याहुले सम्झौता भए पनि हमासविरुद्ध 'पूर्ण विजय' नभएसम्म गाजामा युद्ध जारी रहने कुरामा जोड दिएका छन्।

हमासले गत वर्ष अक्टोबरमा इजरायलमा एक्कासि गरेको आक्रमणमा कम्तीमा १२०० जनाको मृत्यु भएको थियो भने करीब २५० जनालाई बन्धक बनाएको थियो।

बदलामा इजरायलले शुरू गरेको सैन्य कारबाईमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

यसैबीच, हमास निकट समूहविरुद्ध कारबाईस्वरूप इजरायलले शुरू गरेको अभियानमा लेबनानका ४० भन्दा बढी प्रक्षेपण क्षेत्रमा आक्रमण गरिएको छ। आइतवार इजरायली सेनाले आफ्नो लडाकू विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लन्चरमाथि लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको थियो।

"करीब १०० आइएएफ लडाकू विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरेका छन्"– इजरायली सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए।

हिजबुल्लाह समूहको आक्रमणपछि शनिवार इजरायलले लेबनानसँग बढ्दो तनावबीच ४८ घण्टाका लागि सङ्कटकाल घोषणा गरेको थियो। रासस

# पाकिस्तानमा राजमार्गमा गाडी रोकी २२ जनाको हत्या

क्वेटा, पाकिस्तान, १० भदौ/एएफपी

पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दूकधारीले सोमवार कम्तीमा २२ जनाको गोली हानी हत्या गरेको सरकारी अधिकारीहरूले बताएका छन्।

सुरक्षा फौजले साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध लडिरहेको बलुचिस्तान प्रान्तको मुसाखाइल जिल्लामा सोमवार बिहान उक्त आक्रमण भएको हो।

मुसाखाइलका एक वरिष्ठ अधिकारी नजिबुल्लाह काकरले एएफपीसँग भने– "पञ्जाबलाई बलुचिस्तानसँग जोड्ने राजमार्गमा लडाकूहरूले धेरै बस, ट्रक र भ्यान रोक्दा भएको झडपपछि चलेको गोली लागी कम्तीमा २२ जनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन्।"

उनले भने–"पञ्जाबबाट आउने र जाने सवारी साधनको निरीक्षण गरिएको र पञ्जाबबाट आएका व्यक्तिहरूको पहिचान गरी गोली हानिएको थियो।"

काकरका अनुसार १९ जना पञ्जाबी र तीनजना बलोच सर्वसाधारण मारिएका छन्।

जिल्लाका अर्का वरिष्ठ अधिकारी हमीद जेहरीले एएफपीसँग मृतकको सङ्ख्या पुष्टि गरेका छन्।

उनले भने–"यो आक्रमणका लागि बलोच लिबरेशन आर्मी (बिएलए) का लडाकू जिम्मेवार देखिन्छन्।

बलोच लिबरेशन आर्मी यस क्षेत्रको सबैभन्दा सक्रिय लडाकू पृथकतावादी समूह हो।

बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो तर गरीब प्रान्त हो भने यहाँ अप्रयुक्त प्राकृतिक स्रोतहरूको प्रचुरता छ। रासस

# श्रीलङ्कामा विदेशी पूँजी भित्र्याउने घोषणा

कोलम्बो, १० भदौ/एएफपी

श्रीलङ्काका प्रमुख मार्क्सवादी नेता तथा आगामी महीना हुने राष्ट्रपतिका उम्मेदवारले आफू राष्ट्रप्रमुख निर्वाचित भएमा विशेषगरी हरित ऊर्जाका क्षेत्रमा विदेशी लगानीकर्तालाई छानेर स्वागत गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

पूर्व कृषिमन्त्री तथा भ्रष्टाचारविरुद्ध आवाज उठाउँदै आएका मार्क्सवादी नेता अनुरा कुमारा दिसानायका सन् २०२२ को आर्थिक मन्दीका लागि स्थानीय भ्रष्टाचारबाट आजित मतदातामाझ लोकप्रिय मानिन्छन्।

अकल्पनीय आर्थिक सङ्कटका कारण आक्रोशित प्रदर्शनकारीले तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेपछि सेप्टेम्बर २१ मा पहिलोपटक मतदान हुनेछ।

संसद्बाट निर्वाचित राष्ट्रपति रनिल विक्रमासिङ्घेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को २.९ अर्ब अमेरिकी डलरको बेलआउट ऋणलाई निरन्तरता दिने बताइरहेका समय दिसानायकाले उक्त सम्झौताका विविध बुँदामाथि पुनः वार्ता गर्ने प्रतिबद्धता जाहेर गर्दै भारी कर कटौतीको योजना सार्वजनिक गरेका छन्।

"हामीसँग ठूलो मात्रामा पूँजी लगानी गर्ने क्षमता छैन, त्यसैले हामी नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा विदेशी कम्पनीहरूलाई आमन्त्रण गर्नेछौं," दिसानायकाले आफ्नो घोषणापत्र सार्वजनिक गर्दै भने।

श्रीलङ्कामा ३९ जना उम्मेदवार चुनावी मैदानमा छन्, तर मुख्यतः दिसानायका, विक्रमासिङ्घे र विपक्षी दलका नेता सजिथ प्रेमदासाबीच प्रतिस्पर्धा हुने देखिएको छ।

विक्रमासिङ्घे र प्रेमदासा दुवै एउटै विचारधारासँग जोडिएका व्यक्ति हुन्। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कान्तिक्षय | वृष | सुयश |
| मिथुन | अलमल | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | शरीरपीडा |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | अलमल | मकर | चोरभय |
| कुम्भ | भयचिन्ता | मीन | राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






**मयूर नाच**: जाजकोटको बारेकोट गाउँपालिकाका स्थानीयवासी जुम्ला सदरमुकाम खलङ्गा बजारमा मयूर नाच देखाउँदै। मयूर नाच जाजरकोटको सांस्कृतिक चिनारीमध्र्यको एक महत्त्वपूर्ण नाच मानिन्छ। तस्बिरः विजय रावत/रासस

## क्यान्सरपीडितलाई सहयोग



प्रस, निजगढ, १० भदौ/

क्यान्सरपीडितलाई युथ अफ निजगढले सोमवार आर्थिक सहयोग गरेको छ। निजगढ नगरपालिका–८ सुकुमबासीबस्ती गैरीगाउँकी ४७ वर्षीया रेणुकाकुमारी माझीलाई १० हजार एक सय रुपैयाँ युथ अफ निजगढले आर्थिक सहयोग गरेको हो।

सहयोग हस्तान्तरण कार्यक्रममा निजगढ नगरपालिका–९ का कार्यवाहक अध्यक्ष सालिकराम ढुङ्गानाले युथ अफ निजगढले क्यान्सर, मुटु, मिर्गौला रोगपीडित बिरामीहरू, दीनदुःखी, गरीब, असहाय, आगलागीपीडित, अपाङ्गलगायतलाई सहयोग गर्दै आएकोमा धन्यवाद दिए।

**ज्ञानदा ...**

जानकारी गराएका थिए।

यसैगरी, उनले नवीन शैक्षिक रणनीतिहरू, सहयोगी सिकाइ अनुभवहरू बढाउन र भविष्यको गतिशील शैक्षिक परिदृश्यको लागि शिक्षकहरूलाई तयार पार्न महत्त्वपूर्ण भूमिका खेल्नेबारेमा जानकारी गराएका थिए। उनले सो क्रममा आफ्ना अनुभवहरू साटासाट गर्दै उनले पहिलाको घोकन्ते परिपाटीबाट निर्देशित शिक्षाभन्दा अहिलेको पद्धति अपनाइ पठनपाठन गर्दा निकै उपयोगी हुने र भविष्यमा दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने बताए।

एकेडेमीका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा ज्ञानदा एकेडेमीमा कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षकशिक्षिकाहरूको सहभागिता थियो।

**क्यान्सर ...**

प्रशासन भवनको पछाडि रहेको जग्गा छनोट गरिएको बताए।

उपनिर्देशक नेपालले ठाउँको छनोट भइसकेको भन्दै उक्त ठाउँको माटो परीक्षणको कामसमेत चिनियाँ टोलीले गरिसकेको जानकारी दिए। आफूहरूले स्थान दिने, पानी र बिजुलीको व्यवस्थापनलगायत स्थानीय समन्वय गर्ने बताउँदै उपनिर्देशक नेपालले भने, "भवन निर्माणदेखि उपकरण खरीद र जनशक्तिलाई तालीमसम्मको काम चिनियाँ सहयोगमा हुन्छ। भवनको डिजाइन, प्रविधि सबै चिनियाँले गर्ने सहमति भएको छ।"

नेपालमा फाट्टफुट्ट काठमाडौंमा बोनम्यारो प्रत्यारोपणको काम हुने भएपनि छुट्टै युनिट बनाएर गर्न लागिएको यो पहिलो भएको उपनिर्देशक नेपालको भनाइ छ। बोनम्यारो प्रत्यारोपण युनिट पाँच शय्याको हुने उनले जानकारी दिए।

कार्यकारी निर्देशक डा पौडेलले निर्माण शुरू भएको एक वर्षमा भवन सम्पन्न हुने जनाउँदै त्यसलगत्तै सेवा सञ्चालन हुने बताए। उनले भने, "चिनियाँ आफैंले निर्माण गर्ने भएकाले काम छिटो हुन्छ।" उपकरण खरीद पनि चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्थाले गर्ने भएकाले झन्झटिलो नहुने भन्दै उनले भवन निर्माण सम्पन्न भएलगत्तै उपकरण जडान गरेर सेवा सञ्चालन हुने बताए।

कार्यकारी निर्देशक डा पौडेलका अनुसार भवन निर्माण र उपकरण खरीदपछि यहाँका जनशक्तिलाई तालीमसमेत चिनियाँ टोलीले उपलब्ध गराउनेछ। उनले भने, "सम्पूर्ण तयारी पूरा गरेर अस्पताललाई हस्तान्तरण गर्ने हो। यो अस्पतालको निर्माणसमेत चिनियाँ सरकारको सहयोगमा भएको हो।"

**अद्भुत ...**

पुरुषको आचरण, तिनीहरूको महिमा आदिको चर्चा हुनाका साथै पृथक यज्ञको फलबारे दर्शाइएको छ। सारमा यी योग कसरी स्थितप्रज्ञ बन्ने र मोक्ष प्राप्ति गर्ने भन्ने विषयमा केन्द्रित छ। यी योगहरू योगेश्वर कृष्णका वाणी हुन्। 'गीता' का प्रत्येक श्लोकमा ज्ञानका प्रकाशहरू छन्, जसले अज्ञानको अन्धकार नष्ट पारेर उज्यालोको मार्गमा हिंडाउँछ र मानिसलाई परमपदको अधिकारी बनाउँछ।

कृष्ण चरित्रमा जति पनि चमत्कारका कथा छन्, त्यसको सतहीभन्दा पनि प्रतीकात्मक अर्थ छन्। कृष्णले औंलामा गोवर्द्धन पर्वत उठाएको कथा झट्ट सुन्दा मानिसले प्रश्न उठाउन सक्छन्– के औंलामा पनि पहाड उठाउन सकिन्छ र ? तर यसको साङ्केतिक अर्थ छ। गोवर्द्धन पर्वत उठाउनाको अर्थ हो– कृषिमा क्रान्ति ल्याएर गोवंशको रक्षा गर्नु। उनको उद्देश्य भनेकै लक्ष्मी माताको प्रतीक गौमाताको रक्षा गर्नु थियो। गोवंशको रक्षा नभई कृषि युग अगाडि बढ्न सक्दैन थियो। उनले गोवर्द्धन उठाए भन्नाको अर्थ हो, उनले गाईको रक्षा गरेर कृषि युगलाई अगाडि बढाए। यस्तै, कालीय दमनको कथाको पनि साङ्केतिक अर्थ छ। कालीय नाग रूपक हो। कृष्णले संसारलाई आतङ्कित पारेको कालीय नाग दमन गरे। कालीय नागको प्रवृत्ति मानिसभित्र पनि छ। हामी आफूभित्रको क्रोध, अहङ्काररूपी कालीय नागमाथि जब विजय प्राप्त गर्छौं, तब हामी श्रीकृष्ण प्राप्त गर्छौं। यसको अर्थ यही हो।

कृष्णको हातको सुदर्शन चक्रको विम्बात्मक अर्थ हो– आत्मचक्र। यो एउटा आफैंसँग साक्षात्कार गरिने आत्मसाक्षात्कार हो। सुदर्शन 'सु' र 'दर्शन' भन्ने शब्दले बनेको छ। 'सु' भनेको राम्रो र 'दर्शन' भनेको दृष्टिकोण हो। जब हामीभित्र खराब दृष्टिकोण अन्त्य भएर असल दृष्टिकोण बन्न थाल्छ, तब हामी सुदर्शन प्राप्त गर्छौं। त्यसले कृष्णले दुष्टलाई नाश गरेझैं हामीभित्रको दुष्टता नाश गर्छ। त्यो आत्मसाक्षात्कारबाट सम्भव छ।

कृष्णसँग जोडिएका अरू धेरै कथाका प्रतीकात्मक अर्थ छन्। भनिन्छ, भगवान् कृष्ण सोऱ्ह आध्यात्मिक, चौध विद्या, चौसट्ठी सांसारिक कलामा पारङ्गत थिए। त्यसैले उनी जगन्नाथ, जगद्गुरु कहलिन्छन्। उनी आफूलाई भगवान्भन्दा पनि मित्र, सखा भन्न रुचाउँथे। उनले सधैं मित्रतालाई नै महत्त्व दिए। चाहे सुदामा हुन्, अर्जुन हुन्, सबैलाई उनले साथीका रूपमा हेरे। उनले आफ्ना महत्त्वपूर्ण ज्ञान बाँडे। उनको सबैभन्दा बढी मित्रता ब्राह्मण सुदामासँग थियो। आफ्नो दरिद्रताका कारण सुदामा कृष्णलाई भेट्न हिचकिचाइरहेका थिए। जब उनले कृष्णलाई भेटे, उनी भावविभोर भए। भनिन्छ, त्यतिखेर कृष्णले आफ्नै आँसुले सुदामाको पाउ धोएका थिए।

उनका माध्यमबाट द्रौपदी, राधा, रूक्मिणी, सत्यभामा, गोपीलगायत हजारौं महिलालाई मोक्ष प्राप्ति भयो। केही विधर्मीहरू कृष्णका १६ हजार रानी थिए भनेर उनको चरित्रमाथि प्रश्न उठाइ बौद्धिक विलास गर्छन् तर यथार्थ बिल्कुल फरक छ। १६ हजार त उनका भक्त मात्र थिए। उनी त आफ्ना बालसखा राधा र आफ्नी पत्नीलाई मात्र प्रेम गर्थे। राधालाई माता लक्ष्मीको अवतार पनि मानिन्छ।

श्रीमद्भागवतमा उनको विराट स्वरूपको पनि चर्चा आउँछ। उनले आफ्नो त्यो स्वरूप अक्रूर, उद्धव, राजा मुचुकुन्द, शिशुपाल, धृतराष्ट्रको सभामा देखाएका थिए। अद्भुत कला, अविश्वसनीय चमत्कारले भरिएका कृष्ण सनातन धर्मका आधार स्तम्भ र अप्रतिम भगवान् हुन्। कृष्णाष्टमीका अवसरमा कृष्णप्रति सतसत नमन–

"श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव :"

(लेखक नेपाली लोकसाहित्य र संस्कृतिका जानकार हुन्। रासस)

# खेलकूद विधेयक समितिबाट पारित

प्रस, जनकपुरधाम, १० भदा/

खेलकूद विकास सम्बन्धमा बनेको विधेयक मधेस प्रदेशसभामा पेश हुने अन्तिम तयारीमा पुगेको छ।




प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिले प्रदेश खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल गरी सोमवार पारित गरेको छ।

समितिले उक्त विधेयक प्रदेशसभामा पेश गर्ने निर्णय पनि गरेको छ। समितिकी सभापति रूपा यादवको अध्यक्षतामा सोमवार जनकपुरधाममा उक्त विधेयकमाथि दफावार छलफल भएको थियो।

पारित विधेयकमा प्रदेश खेलकूद परिषद् गठन, जिल्ला खेलकूद विकास समिति गठन, खेलाडीको वृत्ति विकास, सेवासुविधा, व्यावसायिक सुरक्षा बीमा, खेलकूद प्रशिक्षण प्रतिष्ठान, खेलकूद प्रतियोगितालगायत विषय समावेश गरिएका छन्।

समितिका सदस्य रामसरोज यादवले विधेयकमा स्थानीय तहदेखि अन्तर्राष्ट्रियस्तरसम्म खेलाडी उत्पादन गर्नेगरी कानूनी व्यवस्था प्रस्ताव गरिएको बताए। समितिको बैठकमा प्रदेशसभा सदस्यहरू रामसरोज यादव, कुँवरकान्त झा, अञ्जना पण्डित र किशोरीदेवीले छलफलमा भाग लिएका थिए। उक्त विधेयक गत वर्ष नै छलफलका लागि समितिमा पठाइएको थियो। यसभन्दा पहिले विभिन्न कारणले निकास नपाएका विधेयकहरूलाई वर्तमान नेतृत्वले अध्ययन गर्ने र अगाडि बढाउने गरिरहेका छन्।

## सम्सीको जङ्गलमा मृत र अचेत साँढे फेला

प्रस, महोत्तरी, १० भदौ/

महोत्तरीको गौशाला सम्सी खण्डको जङ्गलमा सोमवार फेरि अर्को एउटा साँढे



मृत अवस्थमा फेला परेको छ। अर्को एउटा साँढे अचेत अवस्थामा फेला परेको छ।

सोमवार बिहान गौशाला नगरपालिका–१ सडकछेउको जङ्गलमा उक्त साँढे फेला परेको स्थानीयले बताएका छन्।

कसैले गाडीमा ल्याएर त्यहाँ फालेको हुन सक्ने स्थानीयले आशङ्का गरेका छन्। आइतवार बिहान पनि धनुषाको मिथिला नगरपालिका वडा नं २ नक्टाझिजस्थित बसही खोला किनारमा यसैगरी एउटा साँढे मृत र अर्को अचेत अवस्थमा फेला परेका थिए।

ती साँढेहरू जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रहरीले अचेत बनाइ टिपरमा हालेर फालेको सिसिटिभी फुटेजमा देखिएको थियो। त्यसैगरी, चार दिन अघि पनि धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा दुईवटा साँढे अचेत अवस्थामा फेला परेका थिए।

## लालबन्दी भाषा तथा साहित्य पुरस्कार 'बोरा'लाई

प्रस, सर्लाही, १० भदौ/

लालबन्दी नगर वाङ्मय परिषद् सर्लाहीले 'लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार–२०८१' अखण्ड भण्डारीको 'बोरा' आख्यानलाई प्रदान गर्ने निर्णय गरेको छ।

स्वतन्त्र विज्ञहरू सम्मिलित पुरस्कार छनोट समितिले उत्कृष्ट १० कृतिहरूमध्येबाट भण्डारीको कृति 'बोरा' आख्यानलाई छनोट गरेको हो। यसैगरी, 'लालबन्दी नगर वाङ्मय परिषद् स्थानीय प्रतिभा पुरस्कार–२०८१' पत्रकार शङ्कर श्रेष्ठले पाउने भएका छन्। उनी लामो समयदेखि पत्रकारिता गर्दै आएका छन्। लालबन्दी नगर वाङ्मय स्थानीय प्रतिभा पुरस्कारको राशि २५ हजार र लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कारको राशि ५० हजार रुपैयाँ छ।

उक्त दुवै पुरस्कार आउँदो मङ्सिर १५ गते प्रदान गरिने कार्यक्रम रहेको परिषद्ले जनाएको छ।

त्यसैगरी, साहित्यिक शहीद कृष्णलाल अधिकारी स्मृति पुरस्कार–२०८१ बाट पत्रकार रोचक घिमिरेलाई सम्मान गरिने निर्णय भएको छ। क्रूर जहानियाँ राणाशासनको अन्त्यका लागि युद्धमा लाग्दा शहादत प्राप्त गरेका, 'मकै' पुस्तकका लेखक अधिकारीको स्मृतिमा परिषद्ले पुरस्कार अक्षयकोष स्थापना गरेको हो। सोही कोषको ब्याजबाट उक्त पुरस्कार प्रदान गर्न शुरू गरिएको परिषद्ले जनाएको छ।

नेपाली भाषा तथा साहित्यका क्षेत्रमा लामो समय सेवा गरेका पत्रकार घिमिरेलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको परिषद्का अध्यक्ष अच्युत अधिकारीले बताए। यस पुरस्कारको राशि ५० हजार रुपैयाँ रहेको परिषद्का अध्यक्ष अच्युत अधिकारीले जानकारी दिएका छन्।

**स्वच्छ समाजको निर्माणमा सहभागी बनौं**

- सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वन क्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरूको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
- भिरालो तथा तटीय जमीन सुरक्षित गर्न बायो–इन्जिनीयरिङ प्रविधिको प्रयोग गरौं,
- पारिस्थितिक प्राणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA Exhilarating Hospitality Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## भारतलाई हराउँदै बङ्लादेश साफ च्याम्पियनशिपको फाइनलमा

काठमाडौं, १० भदौ/रासस

डिफेन्डिङ च्याम्पियन भारतलाई टाइब्रेकरमा पराजित गर्दै बङ्लादेशले साफ यू–२० च्याम्पियनशिपको फाइनलमा नेपालसँगको भेट पक्का गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमवार भएको दोस्रो सेमिफाइनलमा बङ्लादेशले भारतलाई टाइब्रेकरमा ४–३ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो। त्यस्तै, हिजो भएको पहिलो सेमिफाइनल खेलमा नेपालले भुटानलाई टाइब्रेकरमा ४–१ ले पराजित गरेको थियो।



आज खेलको निर्धारित ९०औं मिनेटमा दुवै टोलीले १–१ गोलको बराबरी खेलेपछि खेल टाइब्रेकरमा पुगेको हो। टाइब्रेकरमा बङ्लादेशका अहमेद नोभा, मोइनुल स्लाम, साकिल तोपु र मोहम्मद आसिफले गोल गरे।

भारतका लागि परमवीर, ग्वाङ्सार गोएरी र मनजोत सिंहले गोल गरे भने केल्भिन सिंह र आकाश टिर्कीले गोल गर्नबाट चुके। त्यसअघि खेलको ३७औं मिनेटमा बङ्लादेशका असदुल मोल्लाले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए।

त्यस्तै, भारतले खेलको ७५औं मिनेटमा बराबरी गोल फर्कायो। भारतका लागि ग्वाङ्सार गोएरीले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए। खेलको दोस्रो हाफको अतिरिक्त समयमा बङ्लादेश १० खेलाडीमा समेटिएको थियो। बङ्लादेशका कामासाइ मार्माले दोहोरो पहेंलो कार्ड बेहोर्दै मैदानबाट बाहिरिएका थिए। तर त्यसको सदुपयोग भने भारतले गर्न सकेन।

साफ च्याम्पियनशिपको उपाधिको लागि नेपाल र बङ्लादेशवीच प्रतिस्पर्धा हुनेछ। यही भदौ १२ गते हुने फाइनल खेल दशरथ रङ्शालामा हुनेछ।

## दोस्रो ताप्लेजुङ गोल्डकपको उपाधि सगरमाथा युथ क्लबलाई

ताप्लेजुङ, १० भदौ/रासस

अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकपको उपाधि सगरमाथा युथ क्लब मोरङले जितेको छ। सलहेस युथ क्लब सिराहालाई १–० गोलअन्तरले पराजित गर्दै मोरङले उपाधि जितेको हो। सगरमाथा युथ क्लबलाई उपाधिका लागि खेलको तीन मिनेटमैं विजय भुजेलले गरेको गोल नै निर्णायक बन्यो।




विजेता मोरङले नगद रु पाँच लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। विजेता टीमलाई पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य योगेशकुमार भट्टराईलगायतले पुरस्कार वितरण गरे। उपविजेता सलहेस युथ क्लब सिराहाले नगद रु दुई लाख ५० हजार ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उक्त पुरस्कार कोशी प्रदेशसभा सदस्यहरू तिलकुमार मेन्याङ्बो, खगेनसिं हाङ्गाम, निर्मला तावालगायतले हस्तान्तरण गरे।

सगरमाथाले घरेलु टोली सङ्घर्ष स्पोर्टिङ युवा क्लबलाई २–१ गोलअन्तरले र सलहेस युथ क्लबले बिर्तामोड युनाइटेड फूटबल क्लब झापालाई ट्राइब्रेकरमा ४–२ गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान पक्का गरेका थिए।

प्रतियोगितामा विभागीय टीम त्रिभुवन आर्मी क्लब, बुटवल लुम्बिनी फूटबल क्लब, भारत सिलगढीको कञ्चनजङ्घा फूटबल क्लबसहित आठवटा टीम सहभागी थिए। लाखेजात्राका अवसरमा भदौ ३ गतेदेखि प्रतियोगिता शुभारम्भ भएको थियो।

हरेक वर्ष लाखेजात्राका अवसरमा आयोजना हुँदै आएको प्रतियोगिताले खेल पर्यटनको विकाससँगै जिल्लाको पहिचान थप बलियो हुँदै गएको आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष देवराज गुरुङले बताए।

# अखिल (क्रान्तिकारी) को जीराभवानीमा सम्मेलन

माधव तिमिल्सिना, ठोरी, १० भदौ/

अनेरास्ववियु (क्रान्तिकारी) को दोस्रो जीराभवानी गाउँपालिका सम्मेलन




सम्पन्न भएको छ। सोमवार जीराभवानी गापा–५ सखुवनियामा पहिलोपटक पालिकाका विद्यार्थी सङ्गठनमा महिला नेतृत्वलाई अघि सार्दै सम्मेलन सम्पन्न भएको सङ्गठनका केन्द्रीय सदस्य लहवर रामले बताए। उनकै अध्यक्षतामा सम्पन्न सम्मेलनले सुरुती चौधरीको अध्यक्षतामा २१ सदस्यीय अखिल क्रान्तिकारी जीराभवानी गापा कमिटी गठन गरेको छ।

अनेरास्ववियु (क्रान्तिकारी)का उपमहासचिव प्रभाकर गुप्ताको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनले चौधरीको अध्यक्षतामा गठन गरेको कमिटीमा उपाध्यक्ष राजकुमार साह, सचिव सन्दीप महतो, सहसचिव शर्मा मुखिया बिन र कोषाध्यक्ष सकिना गौरो सर्वसम्मत चयन भएका छन्।

सम्मेलनमा माओवादी केन्द्र जीराभवानी गापा अध्यक्ष रामाकान्तप्रसाद चौधरी, क्रान्तिकारीका पर्सा अध्यक्ष कविराज पटेल, केन्द्रीय सदस्य सन्दीप विक्रम शाह, अनिश पटेललगायतले शुभकामना व्यक्त गरेका थिए।

# प्रसनि यादवमाथि आरोपै आरोप

प्रस, परवानीपुर, १० भदौ/

प्रहरी चौकी रङ्गपुरका प्रहरी सहायक निरीक्षक रामबाबू यादवको कारण पर्सा प्रहरीको बदनामी भइरहेको गाउँलेले बताएका छन्।

प्रहरी चौकी इन्चार्जका रूपमा डेढ महीना अघि सरुवा भएर आएका यादवले प्रहरीको बर्दीको रवाफ देखाएर स्थानीय जनतालाई त्रसित बनाएको गाउँलेको आरोप छ।

उनले सो भेगका हुनेखाने केही स्थानीयसँग माछा, मासु, खाद्यान्न र अन्य उपभोग्य वस्तुको माग गरेको आरोप पनि छ। प्रसनि यादवले गाउँलेसँग हाँस र कुखुरा माग्ने र चौकीमा पकाएर खाने गरेको आरोप छ। एकजना गाउँलेले शान्ति सुरक्षाभन्दा पनि दैनिक माग विधामा प्रसनि तल्लीन रहने गरेको आरोप लगाए।

गाउँलेले पटेर्वासुगौली–१ मलोली टाँडीको एक होटलमा दैनिक जुवातास भइरहेको तर सो रोकथाममा प्रसनिले चासो नदेखाएको बताए। होटलका सञ्चालकसँग जुवातास खेलाउन छुट दिएबबापत आर्थिक सहयोग लिने गरेको आरोप छ। यसैगरी, राष्ट्रिय वन फँडानी रोकथामतर्फ प्रहरीले चासो नदिएको कारण यो क्षेत्रबाट पछिल्ला समयमा वन फँडानी बढेको छ।

तर प्रसनि यावद भने आरोप निराधार रहेको बताउँछन्। उनले आफूविरुद्ध अफवाह फैलाएर बदनाम गराउने काम भएको भनी सफाइ दिए। उनले भने, "मैले कसैसँग केही मागेको छैन, आफ्नो कर्तव्यप्रति बफादार छु, कसैले आरोप प्रमाणित गर्छ भने जागीर छाडिदिन्छु।"